# प्रदेश सहकारी विकास कार्यक्रम : नमुना क्रियाकलाप र बजेट

## १. प्रदेश सहकारी विकासका दुई पाटा

- प्रदेशको विकासमा सहकारी आन्दोलनको भूमिका
- सहकारी आन्दोलनको विकासमा प्रदेश सरकारको भूमिका

## २. प्रदेशको विकासमा सहकारी आन्दोलनको भूमिका

- 'विपन्नका लागि गरिदिने' नभएर 'विपन्नले नै गर्ने' विकासको स्व-लक्षित (Self-targeted) ढाँचा
- प्रदेश सरकारका प्राथमिकताका वर्ग (प्राथमिक उत्पादक, वास्तविक श्रमिक र सर्वसाधारण उपभोक्ता) लाई नै सहभागी गराएर प्रत्यक्षतः एवं गुणाङ्कीय रूपमा फाइदा दिने व्यवसाय
- कृषकलाई भाउ, श्रमिकलाई स्व-रोजगारी र उपभोक्तालाई सस्तोमा राम्रो वस्तु वा सेवा सुनिश्चित गरेर प्रादेशिक उत्पादन, उपभोग र रोजगारीको स्तरमा तीव्र सुधारको उपाय
- दुर्गममा दुर्गम क्षेत्र र विपन्नमा विपन्न वर्गबाट आउने सहकारी जागृतिमा नै प्रदेशको सर्वाङ्गीण विकासको गुञ्जायस
- निजी लगानीका लागि आकर्षक फाइदा नदेखिएर वा अन्यथा हालसम्म हुन नसकेको स्थानीय उत्पादन निकासी गरेर पैसा भित्र्याउने काम अब गर्ने सुगम माध्यम
- वर्तमान शैक्षिक, आर्थिक, सामाजिक स्तर जे-जस्तो भए तापनि जनस्तरमा एकैचोटि व्यापक मात्रामा व्यावसायिकता विकास गराउनुका साथै लैङ्गिक विभेद तथा सामाजिक सीमान्तीकरण दूर गर्ने लोकतान्त्रिक, स्वैच्छिक एवं सशक्त आन्दोलन
- लक्षित कार्यक्रमबाटभन्दा छिट्टै, सस्तै र समस्तै जनतालाई परिवर्तनको अनुभूति मिल्ने जनताकै अभियान ।

**३. सहकारी आन्दोलनको विकासमा प्रदेश सरकारको भूमिकाका तीन आयाम**




**४. सहकारी विकासमा प्रदेश सरकारको लगानी किन ?**

- आंशिक योगदानबाट पूर्ण लगानी
- पटके खर्च पछिसम्मको प्रतिफल
- एकल आयाममा विनियोजन बहुआयाममा प्रभाव
- थोरै प्रशासनिक व्ययभारमा धेरै स्रोत प्रवाह
- वर्तमानको अनुदान भविष्यको राजश्वको स्रोत
- सामाजिक सुरक्षामा व्ययभारको कटौती
- प्रकृति संरक्षणमा सकारात्मक देन ।

## ५. नमुना सहकारी कार्यक्रम तथा साङ्केतिक बजेट ( रु.'000)

**५.१** सहकारी नियमन

५.२ सहकारी प्रवर्धन

५.३ सहकारी प्रशिक्षण

## ५.१ सहकारी नियमन

**५.१.१** सहकारी तथा गरिबी निवारण सूचना प्रणाली (COPOMIS) स्थापना ( रु. १,५०० )

**५.१.२** सहकारी सङ्घसंस्थाको नियमित अनुगमन ( ६०० सङ्घसंस्था रु. १,२००)

**५.१.३** सहकारी सङ्घसंस्थाको सघन अनुगमन (३५ सङ्घसंस्था रु. ७५०)

**५.१.४** नियमन, वित्तीय विश्लेषण तथा अनुगमनका लागि विज्ञ सेवा प्राप्ति ( रु. ५०० )

**५.१.५** सम्पत्ति शुद्धीकरण निवारण निर्देशनको कार्यान्वयन अभिमुखीकरण (३ पटक रु. १,३५०)

**५.१.६** सरोकारवालाहरूसँगको अन्तरक्रिया (२ पटक रु. ३००)

**५.१.७** निर्देशिका, मानदण्ड, कार्यविधि तर्जुमा एवं प्रकाशन ( रु. ९०० )

**नियमनतर्फ जम्मा रु. ६,५००**

## ५.२ सहकारी प्रवर्धन

**५.२.१** प्रदेश सहकारी विकास नीति तर्जुमा (प्रारम्भिक कार्य) (रु. ७५०)
**५.२.२** स्व-रोजगारीमूलक श्रमिक सहकारी संस्था प्रवर्धनका लागि पूर्व-सम्भाव्यता अध्ययन (रु. ५००)
**५.२.३** स्व-रोजगारीमूलक श्रमिक सहकारी संस्थाका लागि बीउपुँजी अनुदान (रु. १,५००)
**५.२.४** सहकारी सङ्घसंस्थासँगको साझेदारीमा कृषि उपजको सञ्चय, प्रशोधन र बजारीकरणका आयोजनाहरू सञ्चालनार्थ स्थिरपुँजी अनुदान (सङ्घीय तथा स्थानीय सरकारसँगको संयुक्त लगानीका आयोजनासमेत) (रु. ६०,०००)
**५.२.५** विपन्न महिलाका आयमूलक सहकारी आयोजनाको पूर्व-सम्भाव्यता अध्ययन (रु. ५००)

**५.२.६** विपन्न महिलाका आयमूलक सहकारी आयोजनाका लागि बीउपुँजी अनुदान (रु. १,५००)
**५.२.७** साबिकका साझा (सहकारी) संस्थाहरूको सम्पत्ति संरक्षण, व्यावसायिक उपयोग एवं पुनर्सञ्चालन अनुदान (रु. २५,०००)
**५.२.८** स्थानीय एफएममार्फत सहकारी जनचेतनामूलक कार्यक्रम सञ्चालन (रु. १,२५०)
**५.२.९** अनुदान प्रस्तावको पूर्व-लेखाजोखा एवं स्थलगत जाँच (रु. ३५०)
**५.२.१०** अनुदानप्राप्त आयोजनाको अनुगमन (रु. ३५०)

**प्रवर्धनतर्फको जम्मा रु. ९१,६००**

## ५.३ सहकारी प्रशिक्षण

**५.३.१** सहकारी नेतृत्व तथा व्यवस्थापन विकास प्रशिक्षण ( ६ दिने, ३ समूह, रु. २,२५० )

**५.३.२** सहकारी लेखापालन तथा वित्तीय विश्लेषण तालिम ( ९ दिने, ६ समूह, रु. ५,७००)

**५.३.३** सहकारी प्रशिक्षणतर्फ भौतिक सुविधाको स्तरोन्नतितर्फ पुँजीगत खर्च (भवन निर्माण सुधार रु. १५,०००, फर्निचर रु. १५००, उपकरण रु. ५०० ) रु. १७,०००
**५.३.४** शैक्षिक सामग्री विकास तथा प्रकाशन ( १ पटक, रु. ५०० )
**५.३.५** प्रशिक्षक प्रशिक्षण ( ९ दिने, रु. ९५० )
**५.३.६** प्रशिक्षण कार्यकलापको प्रभावकारिता अध्ययन ( रु. ३०० )
**५.३.७** प्रशिक्षक विकास ( रु. ४५० )

**प्रशिक्षणतर्फको जम्मा रु. २७,१५०**

**कुल जम्मा रु. १२५,२५०**

ooo